# प्रधानमन्त्री जंगबहादुर राणाको समयको नेपाल-भोट युद्धको ऐतिहासिक सामग्री

(गतांकको बाँकी)

ज्येष्ठ वदी ३ रोज ७ मा

ताहापछि श्री प्राइममिनिष्टरवाट श्री जनरल जगतसम्सेर जङ्ग कुवर राणाजीलाई जवाप लेषी गयाको पश्चिम पूर्व उत्तर दिसावाट पल्टनले घेरा दी पानी थुनी वैसाष शुदी १५ रोजका दिन ९ घडी रात वाकीमा कुमाकिल्ला सर गरि हामी किल्लाभित्र पसि फत्यनामाको २१ तोपको सालमी गर्न्या काम र झुगाको विस्तार लेषी पठाउन्या काम वहुत वढीया गऱ्याछौ . अवर किल्ला वरपर लाग्याका गोला जती छन् सवै षोजी यती ज्मा गरि राषनु किल्ला पनी भत्क्या विगऱ्याको वस गरि वनाउन्या काम गर्नु . तेस किल्लाको चारैदिसामा तोपका मुर्चा पनी वनाउनु पल्टनलाई दारू वा पानी भर्न लाउनु टिगरि हान्नालाई रसद षजानाको वहुतै मजगुत गर्नु रसद षजाना दारू वा तोप वम झुगा किल्लाभित्र हाली राषनु षजानामा आगाको वहुत संभार गर्नु झुगाका रैयतहरूलाई वहुत तसल्लाह गरि र सदवोका उन्या काम गर्नु सकारिया रैयतका जंगी हातहतियार जती छ सवै जवद गरि लिनु रसद षजानामा पानीले र वोसले नपावस झुगाकिल्ला तिमीहरूको वुद्धि अकल लिया छौ म वहुत षुसि भञा धन्न तिमीहरूको अकल ज्यामर्दि तिमीहरू त्यो किल्ला जमीन मार्दा हामी तिन वावुका सन्तानले निकरु षायाको हलाल गरि दियौं . तिम्रो तारिफ वयान गर्न सक्तैन . अव परिआयाको कामलाई होसियारि अकल वंदी गर्न तिमीहरू जान्या छौं . मैले पनी वैसाषका १९ दिन जादा हजुरमा विदा भै प्रस्थान सारी कर्णेल डिल्लीसिं वस्न्यात्का घरमा सारि विवाह गरि वाहावाट २२ दिन जादा श्री नारानहिटी श्री जनरल धीरसम्सेर जङ्ग कुवर राणाजीका घरमा सरि रहचाछु नीज कांछा भाइ पनी कुती तरफ रवाना भया म पनी केही दिनपछी ताहा दाषिल हुन्या छु अैल्हे रसद ज्मा गर्न्या दाउरा मराउन्या काम मजगुत गरि गर . म आयापछि टिगरि हान्या काम गरौला नकसाको कागज पठाइदियाछौं आइपुग्यो अरू ताहा चाहिन्या कुरालाई ञाहावाट लेषी पुग्दैन सवै कुराको तजवीज मिलाई तिमी जान्यै छौं शुभम् .

ज्येष्ठ वदी २ रोजमा

श्री प्राइममिनिष्टरवाट श्री धीर सम्सेर जङ्ग कुवर राणाजी के लेषी गयाको वैसाष शुदी १० रोज ५ का दिन देषी झुगाकिल्ला लाइ घेरादी राख्याको थियो वैसाष शुदी १५ रोजका दिन ९ घडी रात वाकीमा झुगाकिल्लासर गरि फत्यनामाको २१ तोपकी सलामी गर्‍यौं भन्या श्री जनरल

भाइ जगतसम्सेर जङ्ग कुवर राणाजीवाट लेषी आउंदा आहा पनी फत्यनामाको २१ तोपको वढाइ गर्न्या काम गर्‍यौं ताहा पनी षुसिनामाको २१ तोपको वढाइ गर्न्या काम गर शुभम्

ज्येष्ठ वदी ३ रोजमा

श्री प्राइममिनिष्टरवाट श्री मेजर जनरल कृष्नधोज कुवर राणाजीलाइ लेषी गयाको वैसाष शुदी १० रोज ५ का दिन देषी झुगा किल्लालाई घेरा दी राख्याको थियो वैसाष शुदी १५ रोजका दिन ९ घडी रात वांकिमा झुगा किल्लासर गरि फत्यनामाको २१ तोपको सलामी गर्‍यौं भन्या श्री जनरल भाइ जगतसम्सेर जङ्ग कुवर राणाजीवाट लेषी आउंदा आहा पनी फत्यनामाको २१ तोपको वढाई गर्न्या काम गर्त्यौ ताहा पनी षुसीनामाको २१ तोपको वढाई गर्न्या काम गर शुभम् .

श्री विर्गेडीयर जनरल षड्ग वहादुर राणाजीके माथिलो वमोजिम वेहोरा सदर

ज्येष्ठ वदी ३ रोज ७ मा

श्री प्राइममिनिष्टरवाट झुगा किल्ला सर गर्न्या कर्णेल मेजर कपतान पगरी लगायत सिपाही पिपा षलासी तकलाई लेषी गयाको तिमीहरूले श्री ५ सर्कारको निमक षायाको तिम्रा वाफ ज्यादाले तिमीहरूलाई जन्मायाको आफ्ना महतारीको दुद षायाको हामीले तिमीहरूलाई षुवाई आफूले वजीरी गर्‍याको निमक हलाल गरी यो तिमीहरु पनी नीमकवाट आदा भयौ . वहुत षुसी भआ अवप्रान्त पनी यो लडाञी छंज्याल तिमीहरूले यस्तै मिहीनेत गरौला भन्या मलाई भरोसा छ . टिगरी हानालाई रसद दारू वा षजाना पनी ज्मा गर्न्या काम गर्न्यैछौ म पनी आइग्छौ उपर ताहापरि आयाका कुरालाई श्री जनरल भाई जगत्सम्सेर जङ्ग कुवर राणाजीका कमानमा रही काम गर्न तिमीहरू जान्यैछौं शुभम् .

ज्येष्ठ वदी ४ रोजमा

तस्तै वषत्मा श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल जगतसम्सेर जङ्ग कुवर राणाजीवाट लेषी चर्‍हाई पठायाको आहा किल्ला हान्दा षर्च भयाका र किल्लासर भयापछी षोजदा पायाका गोलागिराफका कागज चर्‍हाइ पठायाको छु जाहेर होला ताहावाट देवाधर्माका लामालाई पठाई वक्स्याको भोटतिर पठाउन्या चिठीका अर्थलाई पठाउन पर्न्या हो उ मानिसहरू आहा छन् वाहा छन् भन्या तहकित षवर आयाको छैन भनी भन्छ देवा धर्माको लामा मेरेसाथमा छ अघी झुगाकिल्लामा वस्न्या माहाजन वेपारीहरू उठी केरुंमा बस्न गयाका छन् उनीहरूलाई आही वस्न आउँभनी झिकाई पठाआ किल्ला भत्क्या विग्याको र फोहर भयाको सोहरी वनाई साफ गर भनि पल्टन पल्टनलाई लाइराख्याको छु औ टिगरी कातात्वयेले डिगर्चाको षर्दार घ्यावुला १ टिगरिमा ताल्वयेको दोभास्या अवोला १ र २।४ सिपाही गरि आहां मलाई भेटन पठायाको रहेछ . तिन्हेरूसंग मैले भेट गरिन श्री लेफटेन्ट जनरल दाज्यैज्यूवाट र कर्णेल मामाहरूले भेट गर्नुभयो र मुद्दा कुरा वुझी हेर्दा ल्हासाको अम्वाले अर्‍हाई टिगरिको ताल्वयेसार्सिषामा श्री जनरल साहेवसंग केही विंति गर्न आयाका छन् मर्जि भया हाजीर हुंदा हुन् भनी ती षर्दार दोभास्याले भन्याछन् र वढीया हो तिमीहरू जाउ ताल्वयेलाई सम्भार सितली आउ आहाको नै कुराको तकलीफ हुन्या छैन ताल्वये आयापछी मैले भेट गरूंला भनि उन्का कुराको मुद्दा वुझि जवाप दी पठाआ मुकाम झुगा किल्ला शुभम् .------------

षाम भित्रका पुर्जिको नकल

वैसाष वदी ३० रोज देषी ये शुदी १४ रोजसम्ममा षर्च भयाको

| असामी | आम्दानी | षर्च | वाँकी |
|---|---|---|---|
| पुटन्या गोला | २७०० | १५० | २५५० |
| जंगी गोला | १२०२ | ७६६ | ४३६ |

गिराफ  २०००  ९९  १९०१
५९०२  १०१५  ४८८७

भुगाकिल्ला सरभै सक्यापछि किल्ला वरपर पाइयाको गोला जमा  १८०

<u>ज्येष्ठ वदी ४ रोज १ मा</u>

ताहापछी श्री प्राइममिनिष्टरवाट श्री जनरल जगतसम्सेर जङ्ग कुवर राणाजीलाई जवाप लेषी गयाको किल्ला भित्रको असवाफ अंदाजले नून मुरी ३००० करु चावल सन्तु पिठो गरि मुरी २००० वन्दुक हात हतियार गैन्हको तहकित भयाको छैन भनी लेख्याका कुरालाई त्यो नुन अनाज श्री दैवका मेहेरवानीले हात लाग्याको हो नुन फौजलाई महिनाका जनही १ मानाका हिसावले दिनु पैसा नलिनु करु चावल पिठो मुरी २००० वेस गरी संभार सग थनक्याई राषन्या काम गर्नु कम्यांडर कर्णैलि सनक सिंषत्री मेजर कपतान वलभद्र माभी मेजर कपतान सुमेतसिं कुवरलाई काम लाउन्या वहुत तजवीज गऱ्या छौ तेसमा म वहुत षुसि भञा किल्ला भित्र रहचाका हातहतियार भाडावर्तन गैन्हपनि रहचाछन् भन्या तहकित् गरि लेषी पठाउन्या काम गर्न्यै छौ शुभ्म् .

<u>ज्येष्ठ वदी ५ रोज २ मा</u>

श्री प्राइम् मिनिष्टरबाट श्री जनरल जगत्सम्सेरजङ्ग कुवरराणाजीलाई जवाप् लेषी गयाको भुगाकिल्लाका घरमा रह्याका अंनाज गैह्रको विस्तार लेषी पठाउंन्या कामः वढीया गऱ्याछौं लडन्या भोटचाहरूको धनसंपत्तीः अंन हातहतियार नदिनु जवद गरिलिनु वनपसी भाग्न्या अघी नलडन्याहरूको धन दिनु हातहितयार नदिनु म पनी आज जेसर तरफलाई कुचगऱ्या शुभ्म्

<u>ज्येष्ठ वदी ६ रोज ३ मा</u>

तस्तैवषत्मा श्री प्राइम् मिनिष्टरका हजुरमा श्री जनरल जगत्सम्सेरजङ्ग कुवरराणाजीबाट लेषी चह्राइ पठायाको अघी म नेपालतरफबाट आउदा रसद घर पनी तयार भयाको थियो रसुवाको पुल वनाई केही मात्रः वाँकी रह्याको थियो पछीमा सुवेदार नहुदा तिमीले अैल्हे लेफ्टेनी भै रह्याको छौ तापनी पुलतैयारी गरी पछीमा सामेल हुन आया भन्दा पुल तैयार गरि भुगा हान्दा षेर पछीमोलै छन् रसद घर र रसुवाको पुल तैयारी भयापछि ताहावल्याको कामः केही देषी तर भिकाइ पल्टन्ः मा सामेल गऱ्याको छु अैमान षत्रीले पुराना केही देषी माथी लुकन्या देषी तल अघीपठायाको वम्वैवाला अर्वीघोडा ढुंगामा टेकदा ढुंगोलडी भिरबाट लडी मरेछ सवारी लाइहर्कन होला भनी अर्कैः अर्विघोडा जायाबाट पठायाकोछ ताहाको बाटो बनाई करूंनिस्कन्या काम गर भनी मलाई दस्षत् आयो भनी मलाइ देषाया पुराना केरूंदेषी माथी लुकन्यादेषी तल टाहनघोडा नहिडन्या पुराना बाटामा घोडा हिडायेछ र भिरबाट लडी तलषोलामा पुगी मरेछ मैले पनी तोप लैजान्या बाटोबाट टाघनघोडा कदमलाई ल्यायाथ्या श्री मिनिष्टर दाज्यैज्यूबाट पनी तेही बाटो टाघनघोडा चढी पाल्नु भयोथ्यो त्यो बाटो ल्यायाको भया वितवल पर्ऱ्या थियेन म आयापछि माथिल्लो तोप लैजान्या बाटो भत्क्याको भया मलाई याद्छैन तोप वरोवर आजभोली तेसैबाटो आउंछन् अैतानषतृलाई ताहीबाटो बनाउन पठाइदेउ की पछीमा सामेला गरि राषौ जोमर्जि औकरौलि सिंहवीरपाडे भुगाकिल्ला माहाजीर भया इनलाई तजवीजमा जो ठहर्ला सो कामलाउंला कुत्ती जुमला वार्लुचुङ् फलाक्बाट वढचाका हाम्रा लस्करको कुन कुन जगाबाट कस्तो कस्तो षवर आउंछ सो षवर ३/४ दीनमा लेषीवक्सी पठाउंदै गर्नु भया वढी घघावढचाको षवर बुभीः सो माफि कतजवीजसंग काम गर्नालाई वढीया हुँदोहो मुकाम भुगाकिल्ला शुभ्म्

ज्येष्ठवदी ६ रोज ३ मा

ताहापछी श्री प्राइममिनिष्टरबाट श्री मिनिष्टर जनरल वम्वहादुर कुवर राणाजीलाई लेषी आयाको १९ घडी दिन चढदा पाचमानेमा आइ पुग्या श्री चौतरीया फत्त्यजङ् साहकी जेठी मैत्रालाई यौटा घर छापको तजवीज गरि दिन्या काम गर विष्नुदास वैरागीलाई १३ सालको सुवांगी दर्सन् गरायाको छ ताहा तिमीले पनी दर्सनी रूपैया लिनु श्री समरजङ् के पनीका ज्मादार लिष धोजषत्री लाई षानगी ज्मादारी नार्उ सुवेदारी गरि पल्टनीया सरहको सुवेदायरि नार्उ गरिदियाको छ। मुकाम पा भन्ये शुभ्म्

ज्येष्ठ वदी ६ रोज ३ मा

श्री मिनिष्टर जनरल वम्वहादुर कुवरराणाजीबाट श्री विर्गेडियेर जनरल जङ्गबहादुर कुवरराणाजीलाई लेषी गयाको श्री प्राइममिनिष्टर दाज्यैज्यू केरूंङ भुगातरफ पावलागनालाई वैसाषका १९ दिन जादाका सायेत्मा श्री ५ सर्कारमा विभ्नु भै प्रस्थानसरी आहारोज गर्नु भयाको थियो जेष्ठवदी ५ रोज २ का दिन श्री रैफल लेटर राजदल पल्टनली केरूं भुगा तरफ पाव लागनुभयो अव प्रान्त आहालाई लेषपढ गर्नुपर्दा हाम्रा नाउमा लेषी पठाउन्या काम गर्‍या वढीया होला शुभ्म्

येही वेहोराको चिठी श्री मिनिष्टर जनरलबाट पाल्पा प्युठाना जुमला डोटी सिलगढी धनकुट्टा इलाम सिन्धुली चीसापानी लाम्वगर अरू गौडा गौडामा लेषी गयो

जेष्ठ वदी ७ रोज ४ मा

तस्तै वषत्मा श्री प्राइममिनिष्टरका हजुरमा श्री जरल जगत्स्मसेर्जङ्ग कुवंरराणाजीबाट लेषी चर्‍हाइ पठायाको वैसाष शुदी १५ रोजका ९ घडी रातवांकीमा भुगाकिल्ला सर गर्‍याको षवर आउंदा म वहुत षुसि भया भुगाकिल्ला तिमीहरूका अकलवुद्धिले लिया छौं धंन तिमीहरूको अकल जमामर्दि त्यो जमीन मार्दा हामी ३ वा वुकासंताले निमक षायाको हलाल गरि दियौं तिम्रो तारिफ वषान गर्न म सक्तिन भनी लेषी वक्स्याको अर्थ हजुरका अैनदस्तुर तालीमले मात्र हो सरभयाका भोलीवेर देषी किल्ला भत्क्या विग्र्याको बनाउन साफ गर्न तोपका मुर्तावनाउन वरोवर ताकिता गर्नलाई राष्या छु केही सिद्धयो किल्लामा हानियाको गोला अघी पायासम्मको र ज्मा गोलागैह्नको आम्दानि षर्चका कागज तपसील षोली अघिल्ला अर्जिमा चर्‍हाइ पठायाको हो अरू पनी ८०।१०० गोला पाइयाका छन् अरू पनी पायासम्म षोजन लायाकै छु सर्कारिया रैयतहरूका हतियार पनी पायासम्म जवद गर्‍याको छु भुगाका रैयतहरूलाई तसल्लह गर्न करौलि सिंहविर पांडे मेजर कपतान वल भद्र माभीलाई लाइराष्या छु दारूवा मार्नालाई केही दारूवा श्री गोरषनाथ पल्टनले कुकुरघाटमा मारियाका छन् अवर कम्याण्डर कर्णैल सनकसिं षत्रीलाई आहा भिकाइ पठायाको छु उ आई पुग्या पछी यउटा सल्लाह मीलाई दारू वा रसदको मजगुती वाधन्या काम गरूंला रसद भन्या किल्लै भित्र राष्याको छ दारूवा आइपुग्याको छैन तोप्वम् केही किल्ला भित्र छ केही वाही पल्टन् पल्टन्मा छन्. षजना नी वाहीर पल्टन् पल्टन्मा छ किल्ला साफ भैसकिया पछि आगोपानी बस बचाई षजाना तोप भित्र ल्याई राषन्या काम गरूंला रसदका अर्थलाई जानत्भर म जगुनी गरी राषन्या काम गर्न्यैछु औ अधीवाट चिनीआ कोदोमास्पार डिगर्चाको ताल्वयेको षर्दार आयेर हामीसंग भेटी टिगरिका ताल्वेषे श्री जनरल साहेवको दर्सन गर्न पार्उछ की भन्न आयोथ्यो दर्सन पाउछ आउन भन्दा षानापिनाको वन्दोवस्त पनी गरिदिनु पर्ला ताल्वयेलाई सम्मार गरि लियेर आउ जस्तो गरि तिमीहरू आउदा षुसिराजीसंग सिपाही स्मेत ली आयाथ्यौ तस्तै गरि ताल्वयेलाई पनी लि आउन्या छन् भन्दा ताल्वयेलाइ लिन जान्छौ भनि विदा भै गयाथ्या उस्का पर्सिपल्ट ल्हासाबाट नआ अम्वा टिगरि आयो अम्वालाई मेजमानी दिनु पर्‍यो २।४ दिन आउन पायनन् भनी अस्ति आउन्या ताल्वयेको षर्दारले लेषी पठायाको रहेछ तिमीहरूको

क्या आसयेछ कुराको मुद्दा क्याछ लेषी पठाउ र मैले पनी ताल्वयेलाई लेषी पठाउनु पर्छ भनी लेषी पठायाको रहेछ यस्कुराको जवाप ताल्वये आयाको भया जो कुरा ताल्वये आयनन् जौन कुरा सोधनन् सो कुराको दिउला भनि हामीबाट जवाप लेषी यो मुकाम भुगाकिल्ला शुभ्म्

जेष्ठ वदी ७ रोज मा

श्री मिनिष्टर जनरलका हजुरमा श्री जनरल जगतसम्सेर जङ् कुवर राणाजीबाट लेषी चऱ्हाइ पठायाको वैसाष शुदि १५ रोजका दिन ९ घडी रात वाकिमा भुगाकिल्ला सर भयाको षवर सुनी मात्र वहुत षुसि लाग्यो येस्कुरामा श्री प्राइममिनिष्टर दाज्यैज्यू पनी साऱ्है षुसि भै वक्सन भयो हामीले पनी षुसीनामाको २१ तोपको सलामी गराऱ्यू क्षेत्रीयको धर्म कुलको नेकी जोहो सो पुर्षार्थि तिमीले गऱ्यौ यस्ता तिमीले भंडा षडा गरायौ हामी वहुत कृतार्थ भऱ्यू भुगा किल्लामा साऱ्है विकट छ भन्यार ताहा २।३ लडाञी हुंदा त्यो किल्ला डुस्मनको ठुलो मजगुनी थियो आज दुस्मनको नास गरि त्यो किल्ला सरगर्दा तेस्मा तिमीले षुप गऱ्याको ठहर्छ अव पनी यस्ता फत्त्ये के त्राव र तिमी गऱ्यौं छौ भंन्या हामीलाई भरोसा लाग्याकोछ भनी लेषी वक्स्याका अर्थ हजुरका पुन्ये प्रतापले र अैनदस्तुरले मात्र कार्य्ये सिद्ध भयाको छ किल्ला भत्क्या विग्र्याको सफा गर्न लाउनु षरषजाना पनी सध्याविग्र्याको भया सुकाउनु लाउनु संभारसंग वितोल नपर्ऱ्या गरि राषनु रसद दारूवाले पनी फौजलाई कम हुन नपावस भनी लेषी वक्स्याका अर्थ भत्क्या विग्र्याको सवै मर्मद गराई सफा गर्नलाई राष्याको छु किल्ला साफ भयापछी षजाना किल्ला भित्र ल्याइ सध्याको विग्र्याको भया पनी वोसर आगो पानी बनाई सुकाइ राषन्या काम गरूंला रसद दारूवाका अर्थलाई कम्याण्डर कर्णेल सनकसिं षत्रीलाई ञाहा झिकाइ राष्याछु आउन्या वित्तिकै सरद दारूवाको मजुगुनी गरि राषन्या काम गरूंला मुकाम भुगा किल्ला शुभ्म्

जेष्ठ वदी ७ रोज मा

तस्तै विचमा श्री प्राइम मिनिष्टरबाट श्री मिनिष्टर जनरललाई लेषी पठायाको आज चतु आलेको पौवामा आई पुग्या डेरा ञाही पऱ्यो सुवाधर्म नारान्‌ले पाच मनिसम्म आई ७ सय साल्मीले आफ्ना अडासम्म हुलाकका भारि वोक्याको रहेछ आज आडमा मात्र पुऱ्याइहुदैन टिमुऱ्यासम्म षाली थैली पुऱ्याउनुपर्छ भनी टंटालाया भनी ञाहा मसंग विंति गर्न आयो तसर्थ श्री ५ सर्कारको काम पनी चलन्या हुलाक पनी रहन्या तजवीज गरिदिनु श्री भाइ जनरल जगतसम्सेरजङ्ग कुवर राणाजीले पठायाको मेरा नाउको चिठी ञाहा षोली हेरी फेरि तही पठायाको छु मुकाम चतु आलेको पौवा शुभ्म्

ज्येष्ठ वदी ७ रोज मा

तस्तै वषत्मा श्री मिनिष्टर जनरलबाट श्री जनरल धीरसम्सेरजङ्ग कुवर राणाजी के लेषी गयाको ल्हासामा त ञा आउन्या हेतारिन अम्वावाट आयाका चिठीको जवाव लेष्याको सेना कपडाले मोऱ्याको चिठीको पोका १ पठाइ दियाको छ ताहा पुगनै वित्तिकै ल्हासाका अम्वा छेउ पुगन्या गरि पठाई दिन्या काम गऱ्या वढीया होला अम्वावाट आयाका चिठीको नक्कल पठाइ दियाका छन् विस्तार तेसैले बुझीयेला देउलपुराका मुकामवाट श्री प्राइम मिनिष्टर दाज्यैज्यूका हजुरमा चढाइ पठाञा ताहा १ दीन मुकाम गरि भिज्याका सुकाइ फाट्याका पाल स्युन लगाई जान्या तजवीज वढीया ठहरायाछौ सुकाउन पर्ऱ्यालाई सुकाइ फाट्याका पाल स्युन लगाई संभारसंग लैजान्या काम गऱ्या वढीया होला शुभ्म्

ज्येष्ठ वदी ८ रोज ४ मा

तस्तै विचमा श्री प्राइम मिनिष्टरबाट श्री मिनिष्टर जनरललाई लेषी आयाको गौडा गौडावाट फौज खाना भयाको फर्द लेषी वडा साहेवसंग हजुरवाट पठाइवक्सनु

भयाको हो तेस्मा पल्टनमा जवान येति भनी षोली ल्याउ भनी बडासोहवले भन्या भन्या कपना करवीर षत्रीले भंन आया देहाये षोली दिनु भनी हजुरवाट पनी मर्जि भया कोही देहयि लेष न्यातजवीज गर्दा कम्पुका पल्टन कुनैमा ५६१।५४१।५२१ र पुर्वेय श्री मकापल्टनमा कुनैमा ३०१ कुनैमा २०१ तालको पल्टन छ उ वमोजिमले षदा घटी पर्न जाला वढी लेष्या झुट्टा पर्न जाला भंनानि मित्र पल्टन १ मानल १२१ र यसपाला भर्ना भयाको पिपा २५२ ज्मा ७७३ ले षीनालये तिपिपां येत्ति भनी नषोली फलाना पल्टनमा जवान ७७३ भंन्या लेषी देउकी भनी लेषी पठाया छौ यस पाला जङको काम हुनाले साविक पल्टन कानाल गरि लाजिमा पिपा भन्दा येसपाला वढदा कोही कोही पल्टन २५० कोही पल्टनमा २०० कोही पल्टनमा १५० सिपाही थपींदा ज्मा वाढचा कोही भनी लेषी पठाउनु मुस्ताङवाट साहीलाले चिठी लेषी पठायामा अम्वरसिंह कुवरले रसद ज्मा गर्दा श्री लाल भट्टले भोट तरफ अताज गैन्ह १ मा नापता लैजान दिनु भंन्या दस्षत छ लैजान हुदैन हटना गरेछ जंगी काममा लैजान्या रसदलाई रोक्या वापत जरिवाना गरिपठाउनु रसद लैजान दे भनी लेषी पठाउनु झुगाफत्त्ये भयो भंन्या चिठी लेषी गयाको पुग्योहो भंन्या विस्तार लेषी पठाउन्या काम गर्नु श्री कांछा भाइ देउपुर पुग्याको र असीना पानीले भिज्याको वतासले पालच्यात्याको लेषी पठायाको रहेछ त्राहा जितपुरमा वस्याको दिन वतासले १५ पाल च्यातिदियो चिठीहरू ३ ताहा पठाइदियाको छ तिमीले हेरी मुनासिव माफिक जवाप लेषी पठाउन्या काम गर्नु अम्वरसिंह कुवर राणाजीलाई हामी हिडचाको र झुगाफत्त्ये भयाको षवर हिउधद्योहो झुगामा सामेल हुनजाउ भन्या र धोर्ज्ये थापक्यालविद्धरे मुस्तांगी राजाले कवुल गऱ्याको वमोजिमका मानिस अम्वरसिंह कुवर र वरष पल्टनका साथमा पठाइन भन्या वर्षासि पनी होला सजंगी अैन वमोजिम सजाये पनी होला भन्या लेषी पठाउनु वुधवारका दिन नुवाकोट पुगी श्री भैरवलाई पंचवली चऱ्हाइ भोलि वृउस्पतीवारका दिन धैवुंमा देरा पर्छ शुभ्म्

<u>ज्येष्ठ वदी ८ रोज ४ मा</u>

तस्तै वषत्मा श्री मिनिष्टर श्री जनरलके मेजरक पतानहरि मानसिं वस्न्यातले लेषी चऱ्हाइ पठायाको वैसाष वदी १० रोज ५ देषी झुगाकिल्या घेरादी राख्याको थियो. वैसाष शुदी १५ रोजका दिन ९ घडी रात वांकीमा झुगा किल्या सर गरि फत्त्येनामाको २१ तोपको सलामी गऱ्यौं भंन्या लेषी आउदा त्राहा पनी २१ तोपको वढाइ भयो. ताहा पनी षुसीनामाको १ पट्टीले सलक वढाइ गऱ्या काम गर भनी मर्जि भैआउदा पल्टन्का गैन्ह फौजले हर्ष वढाही १ पट्टीले सलक वढाई सलामी चऱ्हाञ्यूं आज त्राहादेषी ३ कोस् माथी होस् भंन्या ठाउमा २ पट्टी पठाइ रसद पनी सार्न लाञ्यू शनिश्चरवारका दिन त्राहावाट उठौला सौवारका दिन ९ घडीमा दोसाधनरौला भंन्या वन्दोवस्त वांधी राष्याका छौं. लामा वगरमाथी ३ ठाउका अकर गौडा गलफामा वाटो भरी सष्ये तयार गऱ्यौं. ठुलो विकट पहरा पनी तयार भयो. यो काटिन्या ठाउमा काटी काही सिढी फल्याक भऱ्याङ् हाली फलामका काठका किला ठोकी भारी घोडा तोप लैजानालाई भयो होमपट्टीका गौडा गल्फा वाटो वताउनु पनी पठायाको छ. २।४ दिनमा तयार होला. दुस्मनका फौजको चिवार गौडागलफा वाटो हेर्न पठायाको छ. आयाका छैनन्. चेवा गर्न हिजो पक्का पक्का मानीस् पठायाको हो २ कोस वढीमा उतावाट आउन्या भोटचा जना ४ लाई विकट् ४ जनाले भेटचा छन् र १० जना भै पक्रन सकचा मारौं भनी १० जनाले लगाडी लैजादा सेवाना नाघी पार पुगी आफ्ना विकटमा मिसिया छन् हाम्रा निस् फर्कि आयाछन् गौडो थानी वस्याको छ सवै थोक तयार भयापछी ठोकौला मुकाम लाम्वगर शुभ्म्.

<u>ज्येष्ठ वदी ८ रोज ५ मा</u>

तस्तै वषत्मा मिनिष्टर जनरलका नाउमा श्रीमेजर जनरल रूद्रधोज कुवर राणाजीबाट लेषी चऱ्याइ पठायाको मर्जी वमोजिम आयाका सायेत्मा ताकला षार गऱ्यूं भंन्या

वेहोराको विंतिपत्र अघी चऱ्याइ पठायाको हो सयि नगरि सायेतैका दिन यो च्यारसर गऱ्यूं ताकला षारजिनाकोट पनी षोच्यारैमा आई पिछा पर्न आयो वैसाषका २४ दिन जादा १२ घडी दिन वाकीमा ताकलाषारको कोट आइपुगी सलामीको येक सलक वढाइ गऱ्यूं कोटमा रहच्याको ढेवा पोरै मरेछ नपायेउदा वस्याको रहेछ. उ पनी हामी नआइपुग्दै कोट छोडी भागी गयेछ इसवैं ठाउका रैतिहरू मर्जिवमोजिम वन्दोवस्त गरौंला ताकलाषार भित्र पारी जगा हेरि आड्कील्या वनाउन्या काम गर्नु भंन्या मर्जि आयाको हो. हिवारीजगा काठयात झार केही हुदो रहेनछ १।२ दिनको रस्ता हिवारी काटी गया मात्र काठ पाइन्या रहेछ. पालका भरलेमात्र होइन सकन्या पक्का घर नभैन हुन्या रहेछ भरीसक्ये गरि पक्का घर वनाइ फौजको सम्हार संभार र कोटको हेरचाह गरि आड्किल्ला वनाउन्या काम गरौंला. ताकलाषारदेषी १०।१२ दिनको वाटो ठानामा २ ढेवा वस्ता रह्याछन् तेस ढेवाले फौज्मा गर्न लागीरहच्याछन् भंन्या कुरो गर्छन् नत्रा मुलुक हुलाकको वंदोवस्त गरि हुलाक चलाउनु पर्दा चीठी थोरै ढीलाउन गयाको हो मुकाम ताकलाषार शुभ्म्.

तस्तै विचमा ल्हासाका हेतारिन् अम्बावाट श्री ५ गोर्षा सर्कारलाइ लेषी आयाको उप्रान्त हामी ताठीन्लाइ श्री ५ वादसाहवाट तैले ल्हासामा वसी ताठीन्को कामज सवै गर्नुपर्छ भनी हुकुम् भै आयाको हुं अस्ति ल्हासा पुगी लालमोहर ली काजकाम गर्न लागीरहच्या छुं उसैदिन ढडामा हेरी मालुम् भयो पोरका सालमा आफुवाङले चऱ्हाइ पठायाको विंन्ति पत्रमा लेष्याको वेहोरा भोट्का झुपुन् र पर्जाले अघी वदे जनमानी वेजाइवेद्दत जवरजस्ति गऱ्या भनेको आफु वाङकामा निस्मारि लुटपिट् गऱ्याको विचारगरि वन्देज वाधी वक्सनुहवस् भनी पैल्हे विंति गरि पठाउनु पऱ्या हो. आफु वाङका सिपाहीलाइ आकास समान श्री ५ चिन वादसाहलाई गुहार जानुपर्छ भनी हुकुम दियाको र षजाना रसद लाग्याको तिर्नपर्छ भंन्या सरासर चिठीका पछेडा लागी श्री ५ वादसाहवाट सिपाही चडाइ गऱ्यौ. साधदेषी वडन्या छैनन् भन्याको भोटले जिमी दियापनी चादिटाक दियापनी हाम्रो चित्त बुझी फर्कौला भन्याको र फेरि मानि सष्टाइ अर्जि चऱ्हाउन पठायाको योस वेहोरा टुंतारिन अम्वाले एकपट्टी भारादार षटाई काम छिन्न पठायेकोछ. येकपट्टी आफुवाङलाइ फेरै फेर चिठी लेषी जाहेर गर्न पठायेछ काम नछिने नजीपर्षनु पर्‍याहो र आफुवाङले नसुनी रह्याको क्यान हो रौ प्रमान जत्ती पनी मानेनौं आज ती वस्याका सिपाहीले क्यान साधनाघी आयो केरूं कुनी २ जगा वन्द गरि सान्है सेषि गऱ्या छौं हामी ताटीन्ले विचार गर्दा गोर्षा र भोट सबै आकाश समान् श्री ५ चिन वादसाहका मंत्री हौ पुस्ता पुस्ता देषी स्वर्गमध्ये पातालवाट ठुलो मेहरमानगी भयाकोछ भोट् देसमा रहच्याका भारादार सिपाही श्री ५ चिन वादसाहको जिमीन हुनाले कुन्ही रम्ह्याकाहुन्. पोरका सालमा गुहार गर्न सीपाही पठाउछौ भन्याको आफवाङ् लेरिझाइल टहल मात्र पठाउनुहुन्या थियो अनहकमा भोटसग केही काम थिएन हुकुम नभै पठाउन्या होइन फेरि षर्च लाग्यो भन्याको क्या काममा षर्च लाग्यो विना कामैं भोटले जिम्मा लिनु क्यान पऱ्यो. साधसिमाना वढता जगान लियाको र लुटपिट् गरि मानिस माऱ्याको र भाइट्या भयाको आफ्ना राज्येका प्रजालाई येस कामको वेहोरामा सोझो निसाफ गर्नु भनी भारदार षटाइ पठाञ्युं त्या काम नछिनन् ज्याल पर्षनुपर्ला दुइतिरको होचि अर्घ्याली छुट्टी गरि छिनी दिन्याछन् आषा चिम्ल्या जस्ता कामलाई दगा राषी सिपाही चढाइ गराउन्या हो इन सिपाही चढाइ गर्दा सवै कराउन लाग्या आज आफुवाङ्ले दस्तुर नमानी मनोग्य गरिहुल गऱ्यौ त्यो कुरो निहु गरि जिमीरचादी लिउला भनी ढिपी गरी दोष लाउछौ यो संसारमा अघी देषी आजसम्म नभयाको हटक गरि काम गर्नलाइ कठीन हुन्या छ आफुवाङ्ले रात्रीमा सावाधानभै सरमुहनजाला भनी चित्तमासंझी रहनु पोरका सालमा सिपाही गुहार गर्न पठाउछु भन्याको भोट्संग जोरी षोजी सरासर आयाको अकाशसुमान् श्री ५ चिन वादराहसंग जोरि षोज्याको हो येसो गरि हुदैन चाडै फकाउन्या काम गर अघी आफुवाङ्लाई श्री ५ चिन वादसाहवाट विरक्त भै क्रोढ हुनुहनया छ छयाङलुङ ४ सालमा वगरि हिडन्यावाट

भावग्गीघकन्दामा कस्तो भयो थ्यौ आज आफुवाङ्ले तेसै डिलवाट आउनाको मन्सुवा छ की हामी तांठीले त्यो वेहोरा सवै ढेरै फेरा विचार गऱ्यौं र मनमा चिताइ साचो बेहोरा ठहराई लगत्तै अर्जिले यी चऱ्हाइ पठाउला श्री ५ चिन वादसाहवाट हुकुम वक्सनु भया पछी सान्यै डंडा सासना गरौंला आफु वाङले श्री ५ चिन वादसाहका शरण पिछा परि रह्याको ढेरैवर्ष भयो सवै दस्तुर मार निसाफमा पुरा भयाका छौ त्यो चितायाको कामना आफुवाङ्ले गऱ्याको होइन चिनौ आफुका तलमा रहन्या काजीहरूले गऱ्याको होला श्री चिन वादसाहवाट टाढा देसमा वस्याका मानिसलाई माया गऱ्याको हो शरणामा आयाकालाई मरण गर्नु हुन्या छैन अघि हामिले साधमा जानाको ठेगाना गरि चढन्या घोडा षटाए मानिस पनि थोरै षटाइ साधमा पुगी चिनिया भारादार भोट्या भारादारसित आफुलाइ वाङ्ले विन्ति गऱ्याको सवै वेहोरा येकयेक गरि जरादेषी निर्मल गरि निसाफ पारी छिनी दिउला २ तिरको वन्दोवस्त गर्दामा नलेषीको भया नञा वन्देज वाधी चित्त बुझ्नु गरि दिउला पछी परंतुसम्म दुइतिरलाई अघीका जस्तो मिलाप गरिरहनु सदासर्वदा सुष आनन्द हुन्याछ. दुइतिरको मामिला परहोस् भनी हामि ठीन्ले आसीष गरि रहयाकोछु यो वृत्तान्तको चिठी लेषी अगावै आफुवाङ्लाई पठायाको हो यो चिठी मांनुपर्छ. आफुवाङवाट काम काज गर्न जान्या काजी रोजी थोरै मानिससाथ ली चाडै दोसाधसंम्म आउनु र काम छिनीदिउला आफुवाङ्वाट चढाइ गर्न पठायाका सिपाही गैऱ्हलाई फर्की फिकाउनु वन्द गऱ्याको जगा पनी छोडीदिनु आफुवाङले यो चिठी ताहाग्या पछी यो काम मानीकन कसो गरि छिनी दियो भनी अगावै हामी ताठीई चिठी ली आई हामी वस्याका वासमा चऱ्हाउनु आउनु. हामी ताठीन्ले विचार्दा अघीका भ्कैनमानी मोह भैरह्या इश्वरले पनी सराप दिन्याछ राज्येमा भाको नीति छाडनु हुदैन छाडचा पछी कठीन हुन्या छ ठिक्क ठिक्क गरि मानीनु नमानी हुदैन तसर्थ यो चिठी पठायाको हो इति श्री हाङ्फोन ५ सा हाम्रा ३ महिनाका ९ दिन जादा मुकाम भोट् ल्हासा यामन्. शुभ्म्